लोक सेवा आयोग
सुर्खेत कार्यालय
(परीक्षा शाखा)
वीरेन्द्रनगर, सुर्खेत

**सूचना नं. १३२/०८०-८१, मिति: २०८१/२/२५**

**योग्यताक्रम तथा बैकल्पिक सूचीबाट हटाईएको सूचना**

लोक सेवा आयोग, सुर्खेत कार्यालय, सुर्खेतको विज्ञापन नं. **१४७५७/०७९-८० (खुला)**, रा.प.अनं. द्वितीय श्रेणी खरिदार वा सो सरह पदका उम्मेदवार वीरेन्द्रनगर-१, सुर्खेत बस्ने नरहरी पौडेलको नाति गंगाराम पौडेलको छोरा रोल नं. ६५१७४६ का याम प्रसाद पौडेललाई लोक सेवा आयोगको मिति २०७७/०९/०७ को निर्णयले ५ बर्षसम्म आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा सामेल हुन नपाउने गरि निलम्वन गरिएकोमा उक्त अवधि भुक्तान नहुँदै निज आयोगबाट सञ्चालित उल्लेखित विज्ञापन नं.को लिखित परीक्षाबाट उत्तीर्ण भई सीप परीक्षण तथा अन्तर्वार्तामा सहभागि भएको देखिँदा निजले यस कार्यालयमा पेश गरेको सुर्खेत जिल्ला अदालत सुर्खेतको फैसला समेत संलग्न गरी आयोगको केन्द्रीय कार्यालयमा आवश्यक निर्देशनको लागि लेखि पठाइएकोमा सम्मानित आयोगको मिति २०८१/०२/२४ को निर्णानुसार निजको निलम्बनको अवधि भुक्तान नहुन्जेलसम्म उक्त परीक्षा लगायत आयोगबाट सञ्चालन गरिने कुनैपनि परीक्षामा सहभागी गराउन नमिल्ने भनी लेखी आएकोले निजलाई योग्यताक्रमबाट हटाइएको साथै निज यस कार्यालयको विज्ञापन नं. १४७५१/०७९-८०(खुला), नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.अनं. प्रथम श्रेणी, नायव सुब्वा वा सो सरह पदको सिफारिस सम्बन्धी सूचना नं. ८१/८०-८१, मिति २०८०/१२/०६ मा बैकल्पिक योग्यताक्रम नं. २ मा रहेको देखिएकोले आयोगको सोही निर्णयानुसार उक्त बैकल्पिक योग्यताक्रम सूचीबाट समेत हटाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| | | |
|---|---|---|
| (याम नारायण उपाध्याय) | (हरिश चन्द्र जोशी) | (पूर्णमान श्रेष्ठ) |
| नायव सुब्वा | शाखा अधिकृत | उप सचिव |